# सम्पादकीय

नेपाली मिडिया निरन्तर फस्टाउँदो छ । २०४६ सालको जनआन्दोलनपछि बनेको संविधानले प्रत्याभूत गरेको सूचनाको हकका आधारमा सुरु भएको स्वतन्त्र पत्रकारिता छापा हुँदै क्रमशः रेडियो, टेलिभिजन र इन्टरनेटसम्म पुगेको छ । पछिल्लो समयमा राजाको निरङ्कुशतालाई निस्तेज पार्न र जनआन्दोलन-२ लाई उत्कर्षमा पुऱ्याउन स्वतन्त्र पत्रकारिताले महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।

विकसित मुलुकका हरेक मिडिया संस्थामा विभिन्न मिडियाबारे स्वतन्त्र विश्लेषण गर्ने परम्परा बनिसकेको छ । हामीकहाँ हुने पत्रकारितामा राजनीति र अरू सामाजिक विषयमाथि रिपोर्टिङ, विश्लेषण र दृष्टिकोणलाई ठाउँ दिँदै आए पनि पत्रकारिता स्वयंमाथि टीकाटिप्पणी, छलफल या विश्लेषण नगण्य हुने गरेको छ । अर्कोतर्फ, पहुँचको हिसाबले झन् झन् महत्वपूर्ण हुँदै गइरहेको फैलँदो मिडियाप्रति सामाजिक टीकाटिप्पणी र अनुसन्धानकर्ताको रुचि भने बढ्दो छ । मुलुकमै आमसञ्चार विषयमा स्नातकोत्तर तहसम्म विभिन्न विश्वविद्यालय र संस्थाहरूले अध्यापन गराइरहेका छन् । यी विषय अध्ययनका क्रममा विद्यार्थीहरूले मिडियाबारे अनिवार्य रूपमा अनुसन्धान गर्नुपर्छ । विभिन्न गैरसरकारी संस्थामार्फत हुँदै आएका अनुसन्धानले पनि मिडियामाथिको चासो बढाएको छ ।

अन्य मुलुकमा आधा शताब्दीभन्दा अघिदेखि सुरु भएको मिडिया अध्ययनको परम्परा हामीकहाँ भर्खरै मात्र सुरु भएको छ । त्यसैकारण मिडियामाथि खँदिलो र वस्तुपरक विश्लेषणको अभाव छ । मिडियामाथि अनुसन्धान गर्न आवश्यक प्राज्ञिक संरचना बन्न बाँकी नै छ । यिनै यथार्थलाई ध्यानमा राखी यो मिडिया

जर्नल– *मिडिया अध्ययन* सुरु गरिएको हो । यो वार्षिक जर्नल हो र यसमा मिडियाबारे विभिन्न सामग्री नेपाली भाषामा प्रकाशन गरिनेछ ।

मिडियाका विविध पाटाहरूमाथि अनुसन्धान र बहस गर्न चाहने व्यक्तिका लागि यो जर्नल साझा चौतारी हो । मिडिया अध्ययनमा देखिएको वस्तुगत र विश्लेषणात्मक सामग्रीको अभाव कम गर्ने उद्देश्य यसको छ । यसमा आमसञ्चार क्षेत्रमा पर्ने छापा, रेडियो, टेलिभिजन, चलचित्र, इन्टरनेट, पुस्तक प्रकाशन, सूचना प्रविधि आदिबारे अनुसन्धानमूलक तथा प्राज्ञिक लेख, विचार, टिप्पणी, संस्मरण, पुस्तक समीक्षा, अन्तर्वार्ता, प्रतिवेदन, सन्दर्भ सामग्री र अन्य सान्दर्भिक दस्तावेज प्रकाशन गरिनेछ ।